सप्तकोशी नगरपालिका
स्थानीय राजपत्र

सप्तकोशी नगरपालिकाद्वारा प्रकाशित

खण्डः- २ वर्षः- ६ मितिः- २०७९ साल

सप्तकोशी नगरपालिकाको

आर्थिक ऐन, २०७९

सप्तकोशी नगरपालिका

फत्तेपुर, सप्तरी

मधेश प्रदेश, नेपाल

प्रमाणीकरण

विषयसूची

प्रस्तावनाः १

१. संक्षिप्त नाम र प्रारम्भः १

२. सम्पत्ति करः १

३. भूमि कर (मालपोत): १

४. घर बहाल करः १

५. व्यवसाय करः १

६. जडीबुटी, कवाडी र जीवजन्तु करः २

७. सवारी साधन करः २

८. विज्ञापन करः २

९. मनोरञ्जन करः २

१०. बहाल विटौरी शुल्कः २

११. पार्किङ शुल्कः २

१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः ३

१३. सेवा शुल्क, दस्तुरः ३

१४. पर्यटन शुल्कः ३

१५. कर छुटः ३

१६. कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः ३

अनुसूची १ .... ४

अनुसूची २ .... ६

अनुसूची ३ .... ८

अनुसूची ४ .... ८

अनुसूची ५..35
अनुसूची ६..३६
अनुसूची ७..३९
अनुसूची ८..४०
अनुसूची ९..४१
अनुसूची १०..४१
अनुसूची ११..४२
अनुसूची १२..४२

सप्तकोशी नगरपालिकाको आर्थिक ऐन, २०७९

सप्तकोशी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावनाः

सप्तकोशी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम सप्तकोशी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस ऐनको नाम “आर्थिक ऐन, २०७९” रहेको छ।

ख) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि सप्तकोशी नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. सम्पत्ति करः

नगरपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ।

३. भूमि कर (मालपोत):

नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

४. घर बहाल करः

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरो, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ।

५. व्यवसाय करः

नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. जडीबुटी, कवाडी र जीवजन्तु करः

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायिक कारोबार गरे बापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

७. सवारी साधन करः

नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. विज्ञापन करः

नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. मनोरञ्जन करः

नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. बहाल विटौरी शुल्कः

नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. पार्किङ शुल्कः

नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र रयाफ्टीङ्ग शुल्कः

नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे बापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. सेवा शुल्क, दस्तुरः

नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४. पर्यटन शुल्कः

गाउँ पालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१५. कर छुटः

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

१६. कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ।

अनुसूची १

(ऐनको दफा (२) सँग सम्बन्धित) नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सम्पत्ति करको दररेट (आ.व. २०७९/८०)

सि.न.	एकीकृत सम्पत्ति कर	दर (वार्षिक)
(क)	१० लाख सम्मको	१५०।-
(ख)	१० देखि २० लाख सम्म	रु ३५०।-
(ग)	२१ देखि ३० लाख सम्म	०.०५ प्रतिशत
(घ)	३१ देखि ५० लाख सम्म	०.२५ प्रतिशत
(ङ)	५१ देखि १ करोड सम्म	०.५० प्रतिशत
(च)	१ करोड देखी १.५ करोड सम्म	०.७५ प्रतिशत
(छ)	१.५ करोड देखी माथि	१.०० प्रतिशत
(ज)	विटौरी जग्गाको वार्षिक कर २ धुर सम्म ५० र सो भन्दा माथि प्रति धुर थप रु ५०	

१) सम्पत्तिको मूल्याङ्कन आधार तथा दर निर्धारण सम्बन्धी व्यवस्थाः

१) घर जग्गाको आकार, प्रकार, बनोट वा उपयोग वा अचल सम्पत्तिको उत्पादन सिल उपयोगको अवस्था।

२) नागरिकको जीवनस्तर, आर्थिक स्तर र खर्च गर्न सक्ने क्षमता।

३) अचल सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रास मूल्य।

४) तोकिएको अन्य विधिद्वारा।

२) सम्पत्ति करको दर निर्धारण सम्बन्धी व्यवस्थाः

१) प्रत्येक आर्थिक वर्षको श्रावण १ गते करदाताको नाममा रहेको जग्गा तथा संरचनालाई त्यस वर्ष निजको स्वामित्वमा रहेको सम्पत्ति मानी त्यसै बमोजिम मूल्याङ्कन तथा कर निर्धारण गरिनेछ।

२) प्रत्येक व्यक्तिको स्वामित्वमा रहेको नगर क्षेत्र भित्रका सम्पूर्ण सम्पत्तिहरूलाई एकै ठाउँमा राखी मूल्याङ्कन गरिनेछ।

३) नगरपालिका क्षेत्रमा जग्गाको मूल्याङ्कन गर्दा प्रचलित बजार भाउ अनुसार जग्गाको मूल्य कायम गर्न निम्न विधिहरूलाई प्रयोगमा ल्याइनेछ।

४) करदाताबाट सम्पत्ति विवरण दाखिला गर्दा पेश गरेको आफ्नो जग्गाको चलन चल्तीको मूल्यलाई जग्गाको मूल्याङ्कनको आधारको रूपमा लिन सकिनेछ।

५) मूल्याङ्कन समितिले क्षेत्र विभाजन गरी कायम गरेको जग्गाको न्यूनतम मूल्याङ्कनलाई जग्गाको मूल्याङ्कनको आधारको रूपमा लिइनेछ।

२.१ सम्पत्ति कर प्रयोजनको लागि संरचनाको मूल्याङ्कन तपसिल अनुसार हुनेछ।

सि.नं.	संरचनाको किसिम	दररेट (प्रति वर्ग फिट)
१.	आर.सि.सि.फ्रेम स्ट्रक्चर	६००
२.	आर.सि.सि. छानो बिना पिलर	५००
३.	सिमेन्ट जोडाइमा टिनको छाना	५००
४.	सिमेन्ट जोडाइमा टायलको छाना	४५०
५.	माटोको जोडाइमा जस्ता वा टायलको छाना	३००
६.	काठको घर	२००
७.	कच्ची घर	१००

अनुसूची २

(ऐनको दफा (३) सँग सम्बन्धित)

१) भूमि कर (मालपोत):

क) साबिक फत्तेपुर -३/क र ख को प्रति कट्ठा रु. ५०।- र एक कट्ठा मुनि न्यूनतम रु ५०।

ख) साबिक फत्तेपुर -३/क र ख को फत्तेपुर कञ्चनपुर सडक छोएको कित्ताहरूलाई रु.७५।- अन्यको हकमा साबिक बमोजिम

ग) अन्य बाँकी वडाको हकमा प्रति कट्ठा रु १५ र एक कट्ठा मुनि न्यूनतम रु १५।-

घ) हाल सप्तकोशी नगरपालिका वडा नं.२ देखि वडा नं.११ सम्म फत्तेपुर कञ्चनपुर सडकमा छुने कित्ताहरूलाई प्रति कट्ठा रु.५०। अन्यको हकमा साबिक बमोजिम सडक छेउको जग्गाको श्रेणी भरुवा खाल वार्ड नं. ३/ख हाल सप्तकोशी नगरपालिका वार्ड नं. १

श्रेणी "क"

कित्ता नम्बर

३९४, ३९१, ६९३, १०७८, १०७९, ६८२, ६८६, ६८३, ६८३, ६८४, १४६९, १४५५, १४८१, १४५४, १६३८, ८६७, ८६६, १२१, १२१५, १२१६, १२४८, १२४७, १२०३, १२०४, ३३३, ३६४, ६६४, १६४, १६३, १६२, ३११, २१०, १३३९, १३३८, १४९६, १४६३, २०६१, २०६२, १४९५, १४६१, २२४१, २२४२, ३०३, ३००, ३०१, २९९, २९८, १२०८, ७३८, ९८९, १७५७, ६७३, २३५, १७००, १७०१, ३२९, २६०, ७१९, ७२०, ४४४, ४४३, २५३, २५४, २५५, २५६, २५७,२५८, २५९, २१२, १८२४, १८९०, २१४, ४३५, ७३३, ४३६, ५४४, ३९२, १५०३, १५०४, २१७३, १०१६, ६९७, ७३६, २२५८ ,२२५९, २२६०, ७३५, १०१५, ८६४, ४८८, ८३४, ८३३, १०००, ९९९, ९६०१०, ५७, ९८४, ९८५, ६१२, ६१३, २६६, ४५१, ४५२, ४५३, १२८६, १२८७, १४००, १४०१, ५१२, ५१३, ५९१, ५९०, ४७३, १२८४, १२८५, ४७४, ५८७, ५८८, ७१५, ८४८, ८४७, ८४६, ८१६०, २६९, २४०, १५८, १५७, १५६, १५५, २९७, २९६, २९५, २९४, २९३, २९२, २९१, २९०, २८९, २८०, २८१, २३८, २३९, २४१, २२२५, २२२४, २०५, ७५१, ७५२, ७५३, ७५५, ७५४, २४४, २४५, २४६, २४७, १०८५, १०८४, २४९, ९०७, ९०८, १०११, २१५, २१६, ४१५, १०३८, १०३७, १०३९

श्रेणी “ख”

कित्ता नम्बर

२२४१,३०५,३०४,१६८२,१६८३,१२०७,१७५६,६७५,५९७,३३०,१९९७,२११४,२११३,
२११६,२११७,२१०६,२१०७,१३१५,८९६,८९५,४४१,१२२९,१२७८,१३२०,१३१९,१३१
८,१९८०,१९२४,१९२५,६४१,६४२,६३४,५८२,५८४,५८६,६४०,२३७४,२३७५,५८
५,६३८,६३७,६३६,६३५,१८२५,२७३,८२२,८२३,९५८,९५९,६५३,६५४,६५५,६५६,६५
७,१४९०,६५९,१४६५,१४६४,५५३,५५४,५५५,५५६,१४३३,१४३४,५७७,५७८,५७६
,१४३५,१०५८,१०५९,९०२,२३६५,२३६४,८५४,६७७,६७८,३४७,३४०,३२४,४००,
४०१,३९६,३९९,३५७,३५८,१३८१,१३८०,४६३,४६४,६०४,१३५८,१३५९,१३६०,१३
६१,११२६,४२९,४३७,९१८,५२३,९०९,९८२,६२२,६२१,५५,७२३,११८१,११८२,११८
३,११८४,११८५,७७१,७७०,५७८,७८३,७८२,७६१,६७०,१९९३,१०२६,१०२७,१०२८
,१०८७,१०८८,१०८९,१४०८,१४०९,९९९,१२२४,४३,४०२,१०२१,१०२२,९९,९
८,१३९१,१४१९,१२४२,८५१,११२८,११७०,११६०,११६९,९२०,९२१,८५०,८४९,२७
७५,२७७४,२७७६,११७,४५५,१०५६,१०५५,२०७९,२०८०,३०,२२४४,२२४३,१२२,
२१२०,१२६२,१४५,१४२,१४३,१४१,३७८,११७६,११७५,९६८,९२५,९२४,८७४६८,
४६७,४६६,४०३,४६२,८०,८१,८२,८५,८६२,८१८,८६३,७९,७,४२३,४२२,४२१,२२
५०,२२४९,४१४,११०२,९६३,९६२,९६४,११०१,१००५३,१०५५,२३५९,२३५८,२३५
२,२०७६,३४४,३४५,९३३,९३४,४०४,४०६,२०११,२०१२,२०१३,२०९२,२०९३,

नगरपालिका लागू हुनुभन्दा अगाडीको बक्यौता रहेको मालपोत दस्तुर हालको दस्तुरमा ५०% छुट दिई असुल गरिनेछ।

अनुसूची ३

(ऐनको दफा (४) सँग सम्बन्धित)

१) घर बहाल कर

सि.नं.	विवरण	कर रकम रु. (प्रतिशतमा)
१	नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल रकमको	१० प्रतिशत

अनुसूची ४

(ऐनको दफा (५) सँग सम्बन्धित)

१) व्यवसाय करः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका व्यापार, व्यवसाय, पेसामा देहाय बमोजिम वार्षिक व्यवसाय कर लिइनेछ।

क) वर्गः रु ५० लाख भन्दा माथि।

ख) वर्गः रु ३० लाख देखि रु ४९,९९,९९९ सम्म।

ग) वर्गः रु ५ लाख देखि २९,९९,९९९ सम्म।

घ) वर्गः रु ५ लाख सम्म

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
१	**किराना पसल**					

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
क	पिउने पानी वितरण पसल, कोक पेप्सी डिलर	५०००	३५००	२०००	५००	
ख	अचार,पाऊ , गुँदपाक जस्ता डिलर	५०००	३५००	२०००	५००	
ग	चियापत्ति बिक्री सोरुम	५०००	३५००	२०००	५००	
घ	सक्खर (गुण) पसल	५०००	३५००	२०००	५००	
ङ	बिस्कुट तथा चकलेट खुद्रा					
ङ.१	*डिलर (प्रति डिलर)*	५०००	३५००			
ङ.२	*थोक विक्रेता*	५०००	३५००			
च	तेल, घिउ, आँटा, सुजी, चिनी खुद्रा					
च.१	*डिलर (प्रति डिलर)*	५०००	३५००			
च.२	*थोक विक्रेता*	५०००	३५००			
२	**साल्ट ट्रेडिङ्ग डिलर (निजी)**	५०००	३५००			
३	**कृषि सामाग्री संस्थानको डिलर (निजी)**	५०००	३५००			
४	**चुरोटको डिलर (प्रति डिलर)**	५०००	३५००			

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
५	**बिडी, चाउचाउ, चिप्स आदीको डिलर**	५०००	३५००			
६	**काँटा राखी खरिद विक्री गर्ने गल्ला पसल**					
क	फलफूल पसल	५०००	३५००	२०००	५००	
ख	तरकारी पसल	५०००	३५००	२०००	५००	
ग	पसल खोली सुँगुर, राँगा, खसी मासु विक्री गर्ने	५०००	३५००	२०००	५००	
घ	अण्डा पसल	५०००	३५००	२०००	५००	
७	**होटेलहरू**					
क	रिसोर्ट	६५००	२५००			
ख	रेष्टुरेण्ट एण्ड वार	३५००	२५००			
ग	एकतारे	४०००				
घ	दुईतारे	५५००				
ङ	तीनतारे	८०००				
च	चारतारे	११०००				
छ	पाँचतारे	१५०००				
८	**मदिरा विक्री गर्ने होटेलहरू**	३०००	२०००	१५००	७००	
९	**मदिरा रहित भोजनालय**	३०००	२०००	१५००	७००	

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
१०	**साना चिया पसल चल्ती ठाउँ**				५००	
११	**चिसो हल्का पेय पदार्थ तथा मदिरा विक्री**	३०००	२०००	१५००	७००	
१२	**डिलरलाई (वितरक)**					
क	हल्का पेय पदार्थ	३०००	२०००			
ख	मदिरा तर्फ	४०००				
१३	**थोक विक्रेता तर्फ**					
क	हल्का पेय पदार्थ	२५००	२०००			
ख	मदिरा तर्फ	३५००	२५००			
१४	**लजहरू**					वर्गीकरण नगरिएको
क	१५ शैया भन्दा माथिलाई				३०००	
ख	१५ शैया सम्मलाई				२०००	
ग	१० शैया भन्दा माथिलाई				१५००	
घ	७ शैया सम्मलाई				१०००	
१५	**कपडा पसल**	२५००	२०००	१५००	७००	

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
१६	रेडिमेड कपडा पसल	२५००	२०००	१५००	७००	
१७	भाडा वर्तन पसल	२५००	२०००	१५००	७००	
१८	जुत्ता पसल	२५००	२०००	१५००	७००	
१९	जुत्ता सिलाई पसल				५००	वर्गीकरण नगरिएको
२०	पान पसलहरू		१०००	७००	५००	
२१	श्रृगांर तथा मनिहारी पसल	२५००	२०००	१५००	७००	
२२	उपहार सामान बेच्ने पसल	२५००	२०००	१५००	७००	
२३	औषधी पसलहरू	२५००	२०००	१५००	७००	
क	होमियोप्याथी, आयुर्वेदिक, भेटनेरी	२५००	२०००	१५००	७००	
ख	डिलरलाई	२५००				
२४	आँखा क्लिनिक सहितको चस्मा पसल	२५००	२०००	१५००	७००	
२५	दन्त हस्पिटल	४०००	३०००			
२६	दन्त सेवा क्लिनिक	२५००	२०००	१५००	७००	
२७	स्वास्थ्य सेवा सम्बन्धी					
क	नर्सिङ्ग होम	६५००	५००००			
ख	विशेषज्ञ		२५००			

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
ग	एम.वि.वि.एस		२०००			
घ	हेल्थ असिस्टेन्ट		७००			
ङ	सि.एम. ए., कविराज, नर्सिङ्ग सेवा		७००			
च	एक्स रे क्लिनिक		७००			
छ	प्रयोगशाला ल्याव		१५००			
ज	भेटनेरी चिकित्सक		७००			
झ	चस्मा बनाउने		७००			
ञ	प्राकृतिक चिकित्सा अक्युपञ्चर		७००			
२८	**पुस्तक तथा पत्रिका, स्टेशनरी**	२५००	२०००	१५००	७००	
२९	**फर्निचर पसल तथा सो रुम**					
क	स्टिल फर्निचर डिलर सहितको सोरुम	२५००	२०००	१५००		
ख	स्टिल फर्निचर पसललाई	२५००	२०००	१५००	७००	
ग	काठका फर्निचर	२०००	१५००	१०००	५००	

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
	पसललाई सोरुम					
घ	फर्निचर उद्योग स्टिलको	३०००	२०००			
ङ	काठको फर्निचर उद्योग	२५००	२०००			
च	वेत बाँस फर्निचर उद्योग विक्री	२५००	२०००	१५००	७००	
३०	**फोटो स्टुडियो**					
क	कलर ल्याव	२५००	२०००			
ख	फोटो स्टुडियो	१५००				अन्य पनि भए थप रु २००
३१	**कपडा धुलाई तथा रंगाई**					
क	ड्राई क्लिनर	२५००	२०००	१५००	७००	
ख	साधारण लुगा धुलाउने, रङ्गाउने				५००	
३२	**सुन चाँदी पसल**					
क	सुन चाँदी खरिद विक्री थोक सहित गहना बनाउने	२५००	२०००	१५००		
ख	सुन चाँदी गहना बनाउने	२५००	२०००	१५००		

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
३३	**पशुपंक्षी आहार बिक्री पसल**	२५००	२०००	१५००	७००	थोक विक्रेता रु २०००
३४	**शैलुन तथा व्यूटीपार्लर**					
क	शैलुन ५ सिट माथि		६००			ए.सी भएकालाई रु. १०००
ख	शैलुन ५ सिट तल		५००			
ग	व्यूटीपार्लर		७००	५००		
३५	**केवल नेटवर्क**				१५००	
३६	**टेलरिङ्ग पसलको प्रति मेशिन**				१००	
३७	**सिलाई मेशिन विक्री पसल**		१०००		२०००	
३८	**दुग्ध उत्पादन तथा विक्री पसल**				५००	
३९	**कुखुरा पालन**					
क	१ हजार भन्दा माथि कुखुरा पाल्नेलाई				१५००	
ख	१ हजार भन्दा तल				८००	

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
	कुखुरा पाल्नेलाई					
४०	**साइन बोर्ड तथा आर्ट गर्ने पसल**				५००	
४१	**इलेक्ट्रोनिक सामान विक्री गर्ने पसल**	२५००	२०००	१५००		
क	इलेक्ट्रोनिक पार्ट पुर्जी विक्री गर्ने पसल	२५००	२०००	१५००		
ख)	बिजुलीका सामान ट्रान्सफरमर सहित मर्मत व्यवसाय					१०००
४२	**निजी नर्सरी**			५००		
४३	**घडी , रेडियो विक्री पसल**		१५००	१२००	१०००	
४४	**सिसाका सामान बेच्ने ग्लास हाउस**		१२००	१०००	७००	
४५	**इन्धन विक्रेता (पम्प वा खुला)**					
क	मटीतेल, पेट्रोल, डिजेल समेतको पम्पलाई				५०००	

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
ख	२ पम्प भएकोलाई				५०००	
ग	१ पम्प भएकोलाई				२५००	
घ	ड्रममा राखी खुला बेच्ने लाई				१५००	
ङ	लुव्रिकेशन पसल				१५००	
च	मटीतेल डिलर				१५००	
४६	**निर्माण सामाग्री विक्री पसल**					
क	हार्डवेयर सामाग्री विक्री	२५००	२०००	१५००		
ख	हार्डवेयर सिमेन्ट खुद्रा	२५००	२०००	१५००		
ग	हार्डवेयर सहित सिमेन्ट डिलर				४०००	
४७	**सिमेन्ट विक्री**					
क	डिलर/प्रति डिलर				३०००	
४८	**बिजुलीका सामान विक्री पसल**	२५००	२०००	१५००	७००	
४९	**रङ्ग रोगन सम्बन्धी डिलर**	२५००	२०००	१५००		

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
५०	मोटर पार्टस मिल मेसिनरी पसल	२५००	२०००	१५००		
५१	साइकल तथा पार्टस विक्री पसल		२०००	१५००	७००	
५२	ग्याँसको डिलर				२०००	
५३	डिपार्टमेण्टल स्टोर		८५००	६०००	२५००	
५४	अडियो भिडियो उपकरण भाडा पसल		६००	५००	४००	
५५	ट्राभल एजेन्सी		१२००			
५६	कूचो, चित्रा, नाङ्लो, माटोको भाडा पसल		५००	४००		
५७	टायर डिलर		३०००			
५८	साईकल, रिक्सा, थोक विक्रेता प्रति आटमा		२०००			
५९	कम्प्युटर, फ्याक्स, टि. भी., रेडियो, क्यासेट, फोटोकपी,		४०००			

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
	एम्प्लीफायर आदी					
६०	**पंखा, फ्रिज, वासिङ्ग मेशिन, इलेक्ट्रिक पसल तथा मोटर थोक**		३०००			
६१	**अन्य थोक विक्रेता**					
क	सुर्ती		१२००			
ख	कपास		२५००			
ग	कोइला		२५००			
घ	बाँस		१५००			
ङ	तरकारी		१२००	१०००	६००	
६२	**जादु सर्कस**		२०००	१२००	१०००	
६३	**अस्थाई मेला कार्यक्रम दैनिक**					
क	दैनिक प्रति स्टलको		३०	२०	१५	
ख	टिकटमा देखाइने नाटक, सांस्कृतिक कार्यक्रम दैनिक टिकटको आधारमा		१०००	७००	५००	

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
६४	ब्रास वैण्ड पार्टी			१०००	६००	
६५	निर्माण व्यवसायी (ठेकदारी)		६०००	३५००	२५००	
६६	निर्माण सम्बन्धी परामर्श (कन्सल्टेन्सी)		२५००	२०००		
६७	कानुनी सेवा					
क	वरिष्ठ अधिवक्ता		७००			
ख	अधिवक्ता		५००			
ग	अभिवक्ता		४००			
घ	अधिकर्ता		४००			
ङ	लेखापढी व्यवसायी		४००			
च	१ भन्दा बढी कानुन व्यवसायी संलग्न भएको ले फर्म वा सेवा केन्द्र		१०००			
६८	निजी वित्तीय संस्थाहरू					
क	क, ख, ग, श्रेणीका सबै बैंकहरू		१००००	७०००	५०००	

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
ख	आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय		३०००			
ग	आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनी शाखा कार्यालय		२५००			
घ	सरकारी बैंक वा वित्तीय कारोबार गर्ने सहकारी संस्था			२५००		
ङ	बिमा कम्पनी		३०००			
च	कमिसन एजेण्ट, आर्थिक कारोबार गर्ने		७००			
छ	जग्गा खरिद विक्री		७५००			
ज	विदेशी मुद्रा सटही		२५००			
झ	ढुवानी सेवा		६००			

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
ञ	कुरियर सेवा		६००			
६९	**टेलिफोन सञ्चार, फ्याक्स व्यवसाय**		६००			
७०	**टेण्ट हाउस**		१२००			
७१	**कुनै पनि फर्मले मनि ट्रान्सफर व्यवसाय सञ्चालन गरेको छ भने थप**		१२००			
७२	**अन्य विविध सेवा**					
क	विज्ञापन एजेन्सी		१२००			
ख	टुर अपरेटर		६००			
ग	विविध परामर्श सेवा		६००			
घ	होम डेलीभरि सर्भिस		६००			
ङ	व्यावसायिक रूपमा माइकिङ गर्ने		६००			
च	भिडियो गेम		६००			
७३	**प्रशिक्षण सेवा**					
क	कम्प्युटर प्रशिक्षण		१२००			

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
ख	भाषा प्रशिक्षण		१२००			
ग	सिलाई कटाई प्रशिक्षण		६००			
घ	ड्राईभिङ्ग प्रशिक्षण		१२००			
ङ	अन्य प्रशिक्षण		१२००			
७४	**निजी शिक्षण संस्था**					
क	क्याम्पस स्नातक वा सो भन्दा माथि		४०००			
ख	उच्च मा.वि.		२५००			
ग	मा.वि.		२०००			
घ	नि.मा.वि.		१०००			
ङ	प्रा.वि.		७००			
च	पूर्व प्रा. वि.		७००			
छ	व्यावसायिक प्रशिक्षण केन्द्र		१२००			
७५	**मर्मत सम्भार व्यवसाय**					
क	बस, ट्रक आदीको बडी बिल्डर्स		४०००	२५००	१२००	
ख	लेथ तथा ड्रिल मेशिन राखी सवारी मर्मत गर्ने		१२००			

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
ग	बस, ट्रक, ट्र्याक्टर तथा अन्य साना सवारी मर्मत		१२००			वेलडिङ्ग मात्र गर्नेलाई ५००
घ	मोटर साईकल मर्मत		१२००	७००		पार्टस विक्री गर्ने भए १०००
७६	**टायर रिसोलिङ**					
क	कोल्ड रिसोलिङ		१२००			
ख	हिट रिसोलिङ		१२००			
७७	**सवारी साधन रङ्ग रोगन**		१०००	७००		
७८	**वेलडिङ्ग र ड्रिल मेशिन भएको वर्कशप**		७००			
७९	**सवारी साधनको ब्याट्री चार्ज गर्ने र मर्मत गर्ने**		१०००			
८०	**सावरी साधनको सिट, हुट बनाउने र मर्मत गर्ने**		७००			

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
८१	पुरानो टायर विक्री तथा हावा भर्ने		५००			
८२	रिक्साको बडी बनाउने तथा मर्मत गर्ने		५००			
८३	साइकल रिक्सा मर्मत पसल		५००			
८४	टि.भि, मोबाईल, कम्प्युटर, टेलिफोन, पंखा, डेक, रेडियो, घडी, माइक मर्मत पसल		७००			
८५	सिलाई मेशिन, ग्याँस , चुल्हो, मैन्टोल, स्टोभ, लाइट मर्मत पसल		५००	४००		
८६	चस्मा विक्री तथा मर्मत		७००	५००	४००	
८७	उद्योग					
क	चाउचाउ		१२००			
ख	बिस्कुट		४०००			
ग	चप्पल		४०००			

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
घ	सलाई		४०००			
ङ	प्लाइउड		४०००			
च	कपडा		६०००			
छ	बरफ		१२००			
ज	कन्फेक्सनरी		६०००			
झ	काष्ठ (समिल)		४०००			
ञ	काष्ठ डिपो		१२००			
ट	स्टेशनरी वा कापी		१२००			
ठ	छापाखाना		२०००			
ड	प्रेस सिलिण्डर, अपसेट मेशिन सहितको		२५००			
ढ	डिस्टिलरी, ब्रुयरी		६०००			
ण	हल्का पेय पदार्थ		५०००			
त	प्लास्टिक		४०००			
थ	पाउरोटी, केक, बिस्कुट, डुनोट		१२००			
द	ग्रील		१२००			
ध	गलैंचा		१२००			
न	गार्मेन्टस उद्योग		१२००			

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
प	कुटानी पिसानी उद्योग		१०००			
फ	भुजिया		१२००			
८८	**मोवाइल विक्री तथा मर्मत**	२५००	२०००	१५००	७००	
८९	**पशुपंक्षी आहार**	२५००	२०००	१५००	७००	
९०	**तामा, पितल , आल्मुनियम, फलाम जस्ता**	२५००	२०००	१५००	७००	
९१	**जुत्ता तथा व्याग**	२५००	२०००	१५००	७००	
९२	**चिया प्याकेजिङ**	२५००	२०००	१५००	७००	
९३	**सिलाई बुनाई**					
क	तान राखी कपडा बुन्ने		२०००			
ख	ज्याकेट		२०००			
ग	स्वेटर		१२००			
९४	**प्याकेजिङ**					
क	सुर्ती, खैनी, चुना		७००			
९५	**रिगं डुड वनाउने**		७००			
९६	**सप्लाई एजेन्सी**	२५००	२०००	१५००	७००	

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
९७	कवाडी सङ्कलन तथा विक्री पसल		२५००	२०००		
९८	कृषि मल विउ, औजार तथा किटनाशक औषधी (निजी)		१०००			
९९	विमा सम्बन्धी एजेन्सी		१२००			
१००	प्रेस बाहेक अन्य प्रिन्टीङ तथा लेवलीङ		१०००			
१०१	जुट		६०००			
१०२	कुटानी पिसानी ठूलो		६०००			
१०३	जूस सस अचारको ठूलो		४०००			
१०४	सिमेन्टका पाईप तथा पोल		२०००			
१०५	खैनी		२०००			
१०६	चिप्स, घरेलु स्वेटर विट र बोर्ड उत्पादन गर्ने		१०००			
१०७	स्वदेशी रोजगार सेवा		२०००			

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
१०८	विदेशी रोजगारी सेवा		६०००			
१०९	बिक्री डिपो, डिलरको विक्री कक्ष वा सो रुम					
क	साइकल		१२००			
ख	रिक्सा		२०००			
ग	मोटरसाइकल , स्कुटर		६०००			
घ	टेम्पो, र सफा टेम्पो		६०००			
ङ	कार, भ्यान, ट्र्याक्टर , जिप		८५००			
च	वस, ट्रक		१००००			
छ	व्याट्री साइकल		३०००			
ज	पावर ट्रिलर		१५००			
११०	तिर्थ यात्रा सेवा		१०००			
१११	विस्कुट तथा पाउरोटि थोक तथा खुद्रा		६००			
११२	कफी हाउस		७००			
११३	खेलौना पसल		७००			
११४	टेम्पो सामान विक्री पसल		१२००			
११५	तयारी पोसाक गार्मेन्ट		२०००			

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
११६	श्रृगांर सामान उत्पादन गर्ने		७००			
११७	कागज		१२००			
११८	चकलेट		१२००			
११९	कपडामा बुट्टा भरी विक्री गर्ने वुटीक		७००			
१२०	चिउरा		१५००			
१२१	फलामको घरेलु सामान विक्री पसल		७००			
१२२	खेलकुद सामाग्री विक्री पसल		७००			
१२३	केमिकल बक्स		८००			
१२४	लेखा परीक्षण फर्म		१२००			
१२५	लेखा परीक्षक		१०००			
१२६	ब्याग		२०००			
१२७	टायल मार्बल		३०००			
१२८	रेडियो प्रसारण एफ.एम		१२००			
१२९	शैक्षिक परामर्श सेवा		२०००			
१३०	साईवर क्याफे		१२००			
१३१	जैविक पदार्थ विक्री कक्ष		१२००			

सि.नं.	विवरण	क. श्रेणी	ख. श्रेणी	ग. श्रेणी	घ. श्रेणी	कैफियत
१३२	स्थानीय भवन निर्माण व्यवसाय		१२००			
१३३	कुखुरा काटी मासु विक्री गर्ने		८००			
१३४	खसी काटी मासु विक्री गर्ने		१२००			

द्रष्टव्यः

क) यसमा नपरेका नयाँ किसिमका पेसा र व्यवसायको प्रकृति हेरी नगरपालिकाबाट रु. ५०० देखि रु. १०००० सम्म कर निर्धारण हुनेछ।

ख) नगर क्षेत्रमा उद्योग, व्यापार, व्यवसाय, पेसा सञ्चालन गर्नेले प्रत्येक चालू आर्थिक वर्षको असोज महिनाभित्र आ-आफ्नो पेसा व्यवसायको व्यवसाय प्रमाणपत्र नवीकरण गरिसक्नु पर्नेछ। सो अवधि भित्र नवीकरण गर्नेलाई कर रकममा १० प्रतिशत छुट दिइने छ। यो समयावधी प्रश्चात व्यवसाय प्रमाण पत्र नवीकरण गर्दा तोकिएको वार्षिक कर अतिरिक्त २५ प्रतिशत जरिवाना तिरी नवीकरण गर्नुपर्ने छ।

ग) नगरपालिका क्षेत्रमा व्यवसाय सञ्चालन गर्नेले व्यवसाय सुरु गर्न पहिले व्यवसाय प्रमाण पत्र लिनु पर्नेछ। त्यसरी व्यवसाय प्रमाण पत्र नलिएकोमा व्यवसाय सुरु गरेको ३५ दिन भित्र व्यवसाय दर्ता गराई वार्षिक व्यवसाय कर बुझाउनु पर्नेछ।

घ) हकवालाको नाममा व्यवसाय प्रमाण पत्र नामसारी गर्दा रु. ५० दस्तुर लिइने छ।

ङ) व्यवसाय प्रमाण पत्रको लगत कट्टा गर्दा रु २५० दस्तुर लाग्ने छ।

च) विद्यालयलाई स्वीकृति दिँदा निम्न दस्तुर लाग्नेछः

१. पूर्व प्राथमिक - रु १५००।—
२. आधारभूत १ देखि ५ सम्म - रु २०००।—
३. आधारभूत ६ देखि ८ सम्म - रु ३०००।—
४. मा.वि. ९ देखि १० सम्म - रु ५०००।—
५. मा.वि. ११ देखि १२ सम्म - रु ७०००।—

छ) कक्षा थप दस्तुर प्रति कक्षा रु २०००।-

ज) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिका क्षेत्रभित्र लाग्ने साप्ताहिक हाट दैनिक हाटको (व्यवसाय) कर देहाय बमोजिम असुल गरिनेछ।

क्रसं.	व्यवसाय विवरण	दर
१.	खसी, बोका काटी मासु विक्री गर्ने पसलमा प्रति गोटा	५०
२.	सुँगुर, बंगुर काटी विक्री गर्ने पसलमा प्रति गोटा	५०
३.	राँगा काटी मासु विक्री गर्ने पसलमा प्रति पसल	१००
४.	कुखुरा काटी मासु विक्री गर्ने पसलमा प्रति पसल	५०
५.	खटियामा समान राखी विक्री गर्ने पसलमा प्रति पसल	५०
६.	रेडिमेड सामान खटियामा राखी विक्री गर्ने पसलमा	५०
७.	थान कपडा विक्री गर्ने पसलमा	६०
८.	माछा विक्री गर्ने पसलमा (५ के.जी. सम्म)	२५
९.	माछा विक्री गर्ने पसलमा (५ के.जी देखि माथि	५०
१०.	फलामका औजार तथा सामान विक्री गर्ने पसलमा	४०
११.	जुत्ता चप्पल विक्री गर्ने पसलमा सानो	२५
१२.	जुत्ता चप्पल विक्री गर्ने पसलमा ठूलो	६०
१३.	फलफूल, नास्ता ठेलामा राखी विक्री गर्ने पसलमा	३०
१४.	कुखुरा, हाँस विक्री गर्ने पसल प्रति गोटा (जिउँदो)	१५
१५.	चटपटी तथा बरफ	२०
१६.	चिया पसल	२०
१७.	साग सब्जी डोको वा डालोमा राखी विक्री गर्ने।	१५
१८.	भाँडाकुँडा पसलमा	५०

क्रसं.	व्यवसाय विवरण	दर
१९.	भारमा सब्जी आदी ल्याई विक्री गर्ने	१५
२०.	सिजन अनुसारको साग सब्जी आलु पसल ठूलो	५०
२१.	सिजन अनुसारको साग सब्जी आलु पसल सानो	४०
२२.	फलफूल सागसब्जी पसल अन्यमा सानो	१५
२३.	फलफूल सागसब्जी प्रति बयलगाडा	५०
२४.	फलफूल सागसब्जी पसल बोरा। खुद्रा पसल	३०
२५.	फोटो कोपी फ्रेमिङ्ग तथा विक्री पसल	४०
२६.	लाइट, पेट्रोमेक्स, स्टोभ , छाता मर्मत पसलमा	२५
२७.	बाँस प्रति बयल गाडा	५०
२८.	बाँस प्रति टयाक्टर	२५०
२९.	ढाकीमा ल्याई बेच्ने दाल, चामल, पिठो, चिउरा आदीमा	१५
३०.	विस्कुट, चकलेट , पाउरोटी , साबुन विक्री गर्ने पसलमा	३०
३१.	मिठाई पसलमा	२०
३२.	प्रचार प्रसार गरी व्यवसाय गर्ने	४०
३३.	जादु चटकी आदीमा	५०
३४.	जिउँदो खसी , वोका , राँगा ,सुँगुर वेच्नेसँग प्रति गोटा	५०
३५.	जुता चप्पल सिलाई गर्ने मोची सँग	२०
३६.	कपाल काटने सैलुनमा	३०
३७.	माछा, मासु, तरकारी पकाई विक्री गर्ने पसलमा	४०
३८.	चुरी , धागो, टीका आदी श्रृंगार तथा मनिहारी पसल ठूलोमा	५०
४०.	माटोका भाँडा बेच्ने पसलमा ठूलो	३०
४१.	माटोका भाँडा बेच्ने पसलमा सानो	२०
४२.	मुरली, बाँसुरी गुलेली, थैली, जुम्रा उडुस आदी मार्ने औषधी विक्री गर्ने	१५
४३.	चामल ,दाल विक्री गर्ने प्रति पसल	५०
४४.	किराना पसल	६०

क्रसं.	व्यवसाय विवरण	दर
४५.	बीउ विजन विक्री गर्ने पसलमा	६०
४६.	अदुवा, लसुन खुर्सानी ,कूचो नाङ्लो बेच्नेसँग	३०
४७.	चकटी आदी बेच्ने सँग	२०
४८.	मकै पोली बेच्ने सँग	१५
४९.	जडीबुटी वेच्ने सँग	३०
५०.	अन्य छुटपुट पसलमा	रु १५।- देखी रु. ५० सम्म

उल्लेखित कर तथा दस्तुरका दररेटमा कुनै परिवर्तन गर्नु परेमा नगरपालिकाले गर्न सक्नेछ।

अनुसूची ५

(ऐनको दफा (६) सँग सम्बन्धित)

१) कवाडी कर

सि.नं.	विवरण	इकाई	दररेट	कै.
१	खाली सिसि वियरको बोतल	प्रति गोटा	१ रुपैंया	
२	अन्य ५०० एम.एम.भन्दा माथिको बोतल सिसी	प्रति गोटा	५० पैसा	
३	अन्य ५०० एम.एम.भन्दा मुनिको बोतल सिसी	प्रति गोटा	२५ पैसा	
४	पुरानो कागज अखबार	प्रति के.जी	५० पैसा	
५	अन्य कागज	प्रति के.जी.	१ रुपैंया	
६	प्लाष्टिक बोरा	प्रति गोटा	२० पैसा	
७	फलामको टुक्रा	प्रति के.जी.	२ रुपैंया	
८	जुटको खाली बोरा	१०० के.जी वाला	५० पैसा	
९	जुटको खाली बोरा	५० के.जी वाला	२५ पैसा	
१०	झिन्ड उनको	प्रति के.जी.	२ रुपैंया	
११	पुरानो पित्तल तामा	प्रति के.जी.	४ रुपैंया	
१२	सिलभर प्रति	के.जी	४ रुपैंया	
१३	सिसाको धुलो वा टुक्रा	प्रति केजी	३ रुपैंया	

सि.नं.	विवरण	इकाई	दररेट	कै.
१४	खाली टिन ठूलो १० लिटर भन्दा माथी	प्रति गोटा	२ रुपैंया	
१५	खाली टिन ठूलो १० लिटर भन्दा मुनी	प्रति गोटा	१ रुपैंया	
१६	पुरानो ड्रम	प्रति केजी	५० पैसा	
१७	गारमेन्ट कपडाको टुक्रा	प्रति केजी	२ रुपैंया	
१८	जलेको पुरानो मोविल ५ केजिको	प्रति लि.	१ रुपैंया	
१९	कारपेटको टुक्रा	प्रति केजी	२ रुपैंया	
२०	पुरानो टायर टयूवहरु	प्रति केजी	२ रुपैंया	
२१	पोलेथिन	प्रति केजी	१ रुपैंया	
२२	जुट प्लाटिकको बोरा प्रयोग हुन नसक्ने	प्रति केजी	२० पैसा	
२३	थोत्रा टिन	प्रति केजी	५० पैसा	

अनुसूची ६

(ऐनको दफा (७) सँग सम्बन्धित)

१) सवारी साधन कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार देहायका भाडाका तथा निजी सवारी साधनमा देहाय बमोजिम वार्षिक कर र सवारी दर्ता नामसारी नवीकरण दस्तुर लिइने छ। यसरी लिइने कर रकम प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र बुझाउन आएमा लाग्ने कर रकममा १० प्रतिशत छुट दिइने छ।

सिं.नं.	सवारीको किसिम	वार्षिक कर	दर्ता शुल्क	नामसारी शुल्क
१.	भाडाको वस, ट्रक, लहरी, क्रेन, लहरी, रोलर, डम्फर, बुल्डोजर, ग्रेडर ट्रिपर पेनगन आदी र अन्य भारी गाडीमा	१५००।-	२००।-	१५०।-
२.	निजी वस,ट्रक लहरी, क्रेन, लहरी रोलर, डम्फर, बुल्डोजर, ग्रेडर , ट्रिफर, पेनगन, आदि र अन्य भारी गाडीमा	१५००।-	२००।-	१५०।-
३.	भाडाका मिनि ट्रक, मिनि वस, ट्रयाक्टर(कृषि प्रयोजन वाहेक)	१०००।-	१७५।-	१२५।-
४.	निजी मिनि ट्रक	७००।-	१००।-	७५।-
५.	निजी मिनि वस	३००।-	१००।-	७५।-
६.	भाडाको जिप, भेन, लेण्डरोभर	३००।-	५०।-	५०।-
७.	निजी जिप, भेन, लेण्डरोभर	३००।-	५०।-	५०।-
८.	भाडा तथा निजी टेम्पो, अटोरिक्सा	२००।-	५०।-	५०।-
९.	निजी तथा भाडाको कार	३००।-	५०।-	५०।-
१०.	स्कुटर, मोटरसाइकल	१५०।-	५०।-	५०।-
११.	टायर गाडा	५०।-	५०।-	५०।-
१२.	बयल गाडा	५०।-	५०।-	५०।-

सवारी दर्ता तथा वार्षिक सवारी करको प्रमाण पत्र दस्तुर रु १५०।- लिई नगरपालिकाले उपलब्ध गराउनेछ।

१.१ रिक्सा ठेला दर्ता एवम् नवीकरण गर्दा देहाय अनुसार वार्षिक नवीकरण कर दर्ता नवीकरण एवम् नामसारी दस्तुर लिइनेछ।

सिं.नं.	सवारीको किसीम	शूरु दर्ता दस्तुर	वार्षिक कर/नवीकरण दस्तुर	नामसारी दस्तुर

१.	अटो/सिटी सफारी	३००	१००	१५०
२.	रिक्सा	१००	१००	१५०
३.	ठेला	१००	१००	१००

दर्तावालाको मृत्यु भई हकवालाको नाममा नामसारी गर्नु पर्दा रु. ५० मात्र नामसारी दस्तुर लिइनेछ।

क) नयाँ दर्ता आउने रिक्सा र ठेलाको २ वर्षको नवीकरण दस्तुर एकै पटक लिइनेछ।

नोटः-

क) चालक परिचयपत्र प्रति एकको रु. २५।-

ख) चालक परिचयपत्र प्रतिलिपि एकको रु. २०।-

ग) असोज मसान्तभित्र नवीकरण गरेमा १० प्रतिशत छुट

घ) आगामी आ.व.मा २० प्रतिशत जरिबाना

ङ) सो भन्दा पछिका आ.व.मा प्रत्येक वर्ष ३० प्रतिशत जरिबाना लाग्नेछ।

अनुसूची ७

(ऐनको दफा (८) सँग सम्बन्धित)

१) विज्ञापन कर

१.१ होडिङ्ग बोर्ड

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कुनै पनि उद्योग, संघ संस्था, व्यक्ति वा फर्मले नगरपालिकाको सहरी क्षेत्र भित्र कुनै विज्ञापन गर्नु पर्दा विज्ञापनको साइन बोर्ड वा कुनै सांकेतिक बोर्ड राख्नु पर्दा नगरपालिकाको पूर्व स्वीकृत लिन तोकिएको दस्तुर तिरी त्यस्तो विज्ञापन गर्ने साइन बोर्ड वा सांकेतिक बोर्ड राख्नु पर्नेछ। विज्ञापन वा सांकेतिक बोर्ड कसैको घरमा लेख्ने वा राख्ने भएमा घरधनीले नगरपालिका संग सम्पर्क गराई लेख्न वा राख्न लगाउनु पर्नेछ। नगरपालिकालाई जानकारी नगराई लेखिएको वा राखिएका विज्ञापन कर घरधनीले नगरपालिकालाई बुझाउनु पर्नेछ। यस पूर्व लेखिएको वा राखिएको वा राखिएको विज्ञापनको समेत विज्ञापन कर लिइनेछ। कर नतिर्नेको विज्ञापन बोर्ड नगरपालिकाले हटाउने छ।

विज्ञापन करको दर रेट देहाय बमोजिम हुनेछ।

क) लाभको उद्देश्य राखी व्यापार व्यवसाय,उद्योग तथा संघ संस्थाले गराउने विज्ञापन बोर्ड वा क्षेत्रलाई प्रति वर्ग फिट रु. २००।-

ख) सेवा मूलक विज्ञापन बोर्ड वा क्षेत्रलाई प्रति वर्ग फिट रु. ५०।-

ग) तूल तथा व्यावसायिक ब्यानर प्रति वर्ग फीट रु. २०।-

घ) टेलिफोन र बिजुलीका पोलमा गरिने विज्ञापन प्रति पोल रु. ५०।-

ङ) नगरपालिकाद्वारा निर्मित स्थानमा विज्ञापन गर्दा नगरपालिकाले निर्धारण गरेको दर रेट लागू हुने छ।

च) तूल राख्ने इजाजत साप्ताहिक रूपमा, अन्य इजाजत वार्षिक रूपमा दिइने छ।

अनुसूची ८

(ऐनको दफा (९) सँग सम्बन्धित)

१) मनोरञ्जन करः-

क) एक हप्ताको मिनी मेला रु १४,०००।-

ख) पन्ध्र दिनको मिनी मेला रु ३०,०००।

ग) एक महिनाको मिनी मेला रु ६०,०००।

१.१ नगरपालिका क्षेत्र भित्र सञ्चालित सिनेमा हलहरूबाट देहाय बमोजिम मनोरञ्जन कर लिइनेछ।

क) कुल सिट संख्याको ३५ प्रतिशत सिटलाई पुरा सिट संख्या मानी प्रत्येक टिकटमा लाग्ने प्रवेश शुल्कको ३ प्रतिशतले हुने रकम।

ख) मनोरञ्जन कर मासिक रूपमा असुल गरिने छ। पहिलो महिनाको मनोरञ्जन कर दोस्रो महिनाको २५ गते सम्म बुझाई सक्नु पर्ने छ। सो समय भित्र नबुझाएमा सो महिनाको मसान्त सम्म बुझाउनु पर्ने रकमका दैनिक रु १०० को १० पैसाले हुने जरिवाना समेत बुझाउनु पर्ने छ। सो समय भित्र पनि नबुझाएमा बुझाउनु पर्ने रकममा दैनिक २० पैसाको दरले जरिवाना सहित थप १५ दिन सम्ममा बुझाउनु पर्नेछ। सो समय सम्म भित्र पनि रकम नबुझाएमा प्रचलित ऐन नियम बमोजिम नगरपालिकाले जुनसूकै समयमा हल सञ्चालनको कार्य बन्द गर्न सक्ने छ। मनोरञ्जन कर नेपाली तथा स्थानीय भाषाका चलचित्रहरूमा लिइने छैन।

ग) नगरपालिका क्षेत्र भित्र सञ्चालित भिडियो हल, सांस्कृतिक प्रदर्शन हल आदिमा नगरपालिकाले तोके बमोजिम मनोरञ्जन कर लगाइने छ।

घ) नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेको केवल नेटवर्कहरूलाई वितरण क्षमता ग्राहक संख्याको आधारमा मासिक प्रति ग्राहक रु. ५ का दरले मनोरन्जन कर लगाईने छ। तर यस बापत असुल गरिने कर रकम वार्षिक रु. ५० हजार भन्दा बढी असुल गरिने छैन।

ङ) नगरपालिकाको विभिन्न सभा कक्षहरू भाडामा प्रयोग गर्दा भाडामा प्रयोग गरे बापत प्रति दिन रु. ५०० का दरले सभा कक्ष भाडा लिइने छ।

अनुसूची ९

(ऐनको दफा (१०) सँग सम्बन्धित)

१) बहाल विटौरी कर

अनुसूची १०

(ऐनको दफा (११) सँग सम्बन्धित)

१) पार्किङ्ग शुल्क

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिका क्षेत्रभित्र नगरपालिकाले व्यवस्था गरेको पार्किङ्ग क्षेत्रमा पार्क हुने देहायका सवारी साधनहरूमा देहाय बमोजिम सवारी पार्किङ्ग शुल्क लिइनेछ।

क) प्रदेश नं.१ र प्रदेश नं. २ मा सञ्चालन हुने भाडाका बस, ट्रकहरुमा दैनिक रु. ७५।-

ख) अन्य प्रदेशमा सञ्चालन हुने भाडाका बस ट्रकहरूमा दैनिक रु १००।-

ग) विदेशी बस, ट्रक लहरी आदीमा दैनिक रु २००।-

घ) विदेशी साना सवारी साधनमा दैनिक रु १००।-

ङ) भाडाका टयाक्सी , टेम्पो, कार जिप, भेनमा दैनिक रु ३०।-

च) निजी कार, जिप, टेम्पो भेनमा दैनिक रु २०।-

छ) भाडा तथा निजी, मिनी बस, मिनी ट्रकमा दैनिक रु ५०।-

ज) भाडा तथा निजी ट्र्याक्टर रु.२५।-

झ) बस पार्कमा राती पार्किङ्ग गरी बस बसाउने सबै किसिमका सवारी साधनहरूबाट प्रत्येक पार्किङ्गको रु. ५०।-

अनुसूची ११

(ऐनको दफा (१२) सँग सम्बन्धित)

१) ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र रयाफ्टीङ्ग शुल्क

अनुसूची १२

(ऐनको दफा (१३) सँग सम्बन्धित)

१) सेवा शुल्क दस्तुर

१.१ निवेदन दस्तुर

संघ संस्था, क्लब सरकारी कार्यालय, क्याम्पस, विद्यालय, उपभोक्ता समितिबाट सार्वजनिक हितको निमित दिने जनप्रतिनिधिबाट कार्यालय प्रयोजनको लागि दिने निवेदन, वृद्धभत्ता, आर्थिक सहयोगमा निवेदनको दस्तुर नलिने तर अन्य सबै किसिमका निवेदन दस्तुर रु १०।- लिइनेछ।

१.२ जग्गा नापी दस्तुरः-

क) एक कठ्ठा वा सो भन्दा कम रु.१०००।-
ख) एक कठ्ठा भन्दा माथि पाँच कठ्ठा सम्म रु.१५००।-
ग) पाँच कठ्ठा भन्दा माथि दश कठ्ठा सम्म रु.२०००।-
घ) दश कठ्ठा माथि रु.२५००।-

१.३ घर जग्गा पास दस्तुरः-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम घर टहरो ग्यारेज, कम्पाउण्ड वाल आदी निर्माण कार्यको नक्सा पास गर्दा देहाय अनुसार लिइनेछ

क) १००० वर्ग फिट सम्मको प्रति वर्ग फिट	रु २.५०।-
ख) २००० वर्ग फिट सम्मको प्रति वर्ग फिट	रु ३.००।-
ग) २९९९ वर्ग फिट सम्मको प्रति वर्ग फिट	रु ५.००।-

घ) ३००० वर्ग फिट भन्दा माथिको प्रति वर्ग फिट रु ४.५०।-

ङ) जस्तापाताको छाना भएको संरचनाको प्रति वर्ग फिट रु १.५०।-

च) पर्खाल प्रति रनिङ फिट प्रति वर्ग फिट रु १.००।-

छ) काठको भूईं घर, टाँडे घरको एकमुष्ठ रु. ५००।-

नोटः- पटक-पटक गरी वा तला थप गरी नक्सा पास भई सकेको संरचनामा थप नक्सा पासको लागि पेश भएमा सबै क्षेत्रफल गणना गरी कुन वर्गमा पर्ने हो सो निर्धारण गरी सोही वर्गको दररेट पेश भएको नक्सामा दस्तुर लिइनेछ।

क) नयाँ घरको निर्माणको लागि नक्सा पेश हुँदा लाग्ने दस्तुर बराबर रकमको ५० प्रतिशत रकम धरौटी बापत लिइनेछ। स्वीकृत मापदण्ड अनुरूप निर्माण कार्य सम्पन्न प्रमाणपत्र दिंदा उक्त धरौटी रकम फिर्ता दिइनेछ।

ख) नक्सा पास नगरी घर निर्माण गरेमा नक्सा पास गर्दा लाग्ने दस्तुर बराबर नै थप जरिबाना लिई नियमानुसार नक्सापासको प्रक्रिया अघि बढाइनेछ।

ग) नयाँ घरको नक्सा पास गर्दा सुरुमा चर (Plinth) सम्मको मात्र स्वीकृति दिइनेछ। चर सम्मको निर्माण कार्य सम्पन्न भएको जानकारी प्राप्त भएपछि प्राविधिकबाट निरीक्षण गराई बाँकी निर्माणको स्वीकृति दिइनेछ।

घ) नक्सा पास भएको २ वर्षको म्याद भित्र भवन निर्माण कार्य समाप्त गरी सक्नुपर्ने सो अवधिमा निर्माण सम्पन्न हुन नसक्ने भएमा म्याद बाँकी रहँदै म्याद थप गराउनु पर्ने ऐनको व्यवस्था रहेकोमा कुनै अदालतमा घर जग्गाको विषय लाई लिएर मुद्दा चली कारबाही भई रहेको अवस्थामा बाहेक २ वर्षभित्र निर्माण कार्य पनि समाप्त नगरेको म्याद थप पनि नगरेको अवस्थामा सम्बन्धित व्यक्तिले राखेको धरौटी जफत गरी सदर स्याहा गरिनेछ, फिर्ता हुने छैन। तर सुरु म्याद भित्रै निर्माण सम्पन्न गरी सम्पन्न प्रमाण पत्र लिएको वा म्याद थप गरी थप भएको म्याद भित्र निर्माण सम्पन्न गरी सम्पन्न लिएका अवस्थामा तयारी निर्माण सम्पन्न प्रमाण पत्र लिएको मितिले ६ महिना

भित्र धरौटी रकम फिर्ता लिन आएमा प्रचलित कानुनको रीत पुऱ्याई फिर्ता दिइनेछ। सो अवधि पश्चात् धरौटी रकम फिर्ता हुने छ।

ङ) इजाजत लिई म्याद भित्र निर्माण सम्पन्न नलिएको म्याद थप नगरेको हकमा दस्तुर तथा धरौटी सदर स्याहा गरिनेछ। फिर्ता हुने छैन।

१.४ मर्मत सम्भार, रेखाङ्कन तथा निरीक्षण दस्तुरः-

क) घर नक्सा निरीक्षण तथा सरजमिन दस्तुर रु. ५००।-

ख) ले आउट दस्तुर रु. ५००।—

ग) धरौटी - नक्सा पास दस्तुरको ५० प्रतिशत

१.५ घर नक्सा नामसारी दस्तुर

क) १००० वर्ग फिट सम्म रु. १०००।-

ख) १०००-२००० वर्ग फिट सम्म रु. २०००।-

ग) २०००-३००० वर्ग फिट सम्म रु. ३०००।-

घ) ३०००-४००० वर्ग फिट सम्म रु. ४०००।-

ङ) ४०००-५००० वर्ग फिट सम्म रु. ५०००।-

च) सो भन्दा माथि प्रति ५०० वर्ग फिट बराबर थप रु. १०००।- लाग्नेछ।

छ) घरधनीको मृत्यु भई एक घर परिवारको नाममा नामसारी गर्नु पर्दा १००० वर्ग फिट सम्मको घरमा रु ५०० र सो भन्दा माथि भए रु. २०००।- नामसारी दस्तुर लिइनेछ।

१.६ सिफारिस दस्तुरः-

सि.नं.	विवरण	दर रु.	कै.
१.	मोही नामसारी सिफारिस	३५०।-	एककठ्ठा भन्दा माथि भए प्रति कठ्ठा थप रु १०।-
२.	नागरिकता प्रमाण पत्र सिफारिस अनुसूची फारम सहित	निःशुल्क	

सि.नं.	विवरण	दर रु.	कै.
३.	सरजमिन गरी नागरिकताको प्रतिलिपि सिफारिस	४००।-	
४.	नागरिकता प्रतिलिपि सिफारिस	निःशुल्क	
५.	अंगिकृत नागरिकताको सिफारिस सरजमिन सहित	५००।-	
६.	जग्गा नामसारी सिफारिस	५००।-	
७.	चरित्र प्रमाणपत्र सिफारिस स्थानीय बसोबास भएमा	११०।-	
८.	चरित्र प्रमाणपत्र सिफारिस स्थानीय बसोबास नभएमा	५१०।-	
९.	नाम उमेर ठेगाना सच्याउनु परेमा	२५०।-	
१०	बसोबास प्रमाणपत्र बसाई सराई भएमा	१२५।-	
११.	**बसोबास प्रमाणपत्र बसाई सराई नभएमा**		
क)	बसाई सराई भिटिकुन्टा सिफारिस	५००।-	
१२.	बसोबास प्रमाणपत्र वैदेशिक प्रयोजन	१०००।-	
१३.	**घर प्रमाण पत्र**		
क)	पक्का घर	५००।-	
ख)	कच्ची घर	३००।-	
१४.	विवाह प्रमाण पत्र	५००।-	
१५.	टेलिफोन जडान सिफारिस	३००।-	
१६.	**विद्युत जडान सिफारिस**		
क)	थ्रि फेज लाइन	५००।-	
ख)	पक्का घर	२००।-	
ग)	कच्ची घर	१००।-	
१७.	संस्था दर्ता सिफारिस	५००।-	
१८.	संस्था दर्ता नवीकरण सिफारिस	२००।-	
१९.	घरकोठा खोल्ने	(प्रति कोठा व्यावसायिक	

सि.नं.	विवरण	दर रु.	कै.
		१००० आवासीय ५००)	
२०.	सिनेमा हल खोल्ने स्वीकृति	१५००।-	
२१.	**मोहि लगत कट्टाको सिफारिस**		
क)	एक कट्ठा भन्दा मुनिको	५०० (एक कट्ठा भन्दा माथि थप प्रति कट्ठा रु १००)	
२२.	सहुलियत काठको सिफारिस	५००।-	
२३.	नम्बरी जग्गाको रुख काट्ने सिफारिस	५००।-	
२४.	घर सारी पाउँ भन्ने सिफारिस	१०००।-	
२५.	**पेन्सन पट्टाको लागि सिफारिस**		
क)	नेपालको लागि (नेपालमा सेवा गरेको)	१००।-	
ख)	भारतको लागि (भारतमा सेवा गरेको)	२००।-	
२६.	अन्य देशको लागि(अन्य देशमा सेवा गरेको)	५००।-	
२७.	सरजमिन समेत गरिने सिफारिस लाई जुनसुकै सिफारिस भए पनि सो बमोजिम लाग्ने दस्तुरको अतिरिक्त सरजमिन बापत लाग्ने थप	३००।-	
२८.	**अपुतालिको सिफारिस**		
क)	नेपाली	१०००।-	
२९.	**चार किल्ला प्रमाणित**		
क)	१ कट्ठा सम्म	१००।-	

सि.नं.	विवरण	दर रु.	कै.
ख)	५ कट्ठा सम्म	२००।-	
ग)	१० कट्ठा सम्म	४००।-	
घ)	१ बिघा सम्म	५००।-	
ङ)	१ बिघा भन्दा माथि	७००।-	
च)	सर्जमिन गरि चार किल्ला प्रमाणित प्रति कित्ता	रु २५०।-	
३०.	मेला, सर्कसको अनुमति सिफारिस	१०००।- देखि ३०००।-	
३१.	स्टल राखी सञ्चालन गरिने	३०००।-	
३२.	**आगो लागि सिफारिस (बिमा प्रयोजन)**		
क)	सामान्य घर	५००।-	
ख)	साना घरेलु उद्योग	२०००।-	
ग)	मझौला उद्योग	५०००।-	
घ)	ठूला उद्योग फ्याक्ट्री	८०००।-	
३३.	जिल्ला दैवी प्रकोप उद्धार समितिलाई तथा वनलाई गरिने आगलागी सिफारिस	५०।-	
३४.	**खानेपानी जडान सिफारिस**		
क)	खानेपानी धारा जडान सिफारिस	१५०।-	
ख)	४ मिटर भन्दा माथि पक्की सडक पार गर्ने लाई	५००।-	
३५.	उद्योग व्यवसाय बन्द प्रमाणित सिफारिस (व्यवसाय नै सञ्चालन नगरेमा र यस कार्यालय दर्ता नभएमा) वा चालू आ.व. भन्दा अगावै बन्द भई यस कार्यालयलाई जानकारी नदिएमा सोही मिति देखी बन्दको सिफारिस गर्दा	१०००।-	

सि.नं.	विवरण	दर रु.	कै.
३६.	व्यवसाय प्रमाण पत्र लिएकोमा वार्षिक कर लिएर बन्द भएको सिफारिस गर्दा)	१५०।-	
३७.	**जग्गा मूल्याङ्कन सिफारिस घर समेत दस्तुर**		
क)	घर जग्गा मूल्याङ्कन गर्दा	रु १०००।- को (०.०५ प्रतिशत)	
३८.	हैसियत प्रमाणपत्र विदेश जाने प्रयोजनको लागि अंग्रेजीमा	रु. १ प्रति हजार	
३९.	विवाहित, अविवाहित प्रमाणपत्र, आय प्रमाणित, कर चुक्ता प्रमाणित, जन्म प्रमाणित लगायत अन्य सिफारिस (विदेश जाने प्रयोजनको लागि अंग्रेजीमा सिफारिस)	३५०।-	
४०.	उल्लेखित दस्तुरको अतिरिक्त प्रति पाना	५०।-	
४१.	अन्य छुटपुट सिफारिस	२५०।-	
४२.	**उद्योग दर्ता सिफारिस**		
क)	चाउचाउ/चाउमिन/नुडल्स	१३००।-	
ख)	बिस्कुट	१३००।-	
ग)	चप्पल	१३००।-	
घ)	सलाई	१३००।-	
ङ)	प्लाइउड	१३००।-	
च)	बरफ	१३००।-	
छ)	कन्फेक्सनरी	१३००।-	
ज)	काष्ठ	१३००।-	
झ)	समिल	१३००।-	
ञ)	काष्ठ उद्योग साना फर्निचर सहित समिल	१३००।-	

सि.नं.	विवरण	दर रु.	कै.
ट)	काष्ठ फर्निचर उद्योग मात्र	१३००।-	
ठ)	गाडी मर्मत ग्यारेज उद्योग	१३००।-	
ड)	पेट्रोल पम्प	१३००।-	
ढ)	मट्टीतेल डिलरसिप	१३००।-	
ण)	स्टेशनरी वा कापी	१३००।-	
त)	डिस्टिलरी , ब्रुअरी	१३००।-	
थ)	प्लास्टिक	१३००।-	
द)	पाउरोटी, केक पेस्टी, बेकरी	७८०।-	
ध)	ग्रिल	७८०।-	
न)	गलैंचा	१३००।-	
प)	गार्मेन्ट	१३००।-	
फ)	कुटानी पिसानी	७८०।-	
ब)	भुजीया	७८०।-	
भ)	ईँटा तथा टायल हाते	१९५०।-	
म)	पशुपंक्षी आहार	७८०।-	
य)	तामा, पीतल, फलाम, जस्ता, धातु (घरेलु)	७८०।-	
र)	जुत्ता	१३००।-	
ल)	प्रेस बाहेक अन्य प्रिन्टिङ तथा लेबुल उद्योग	७८००।-	
व)	जुट	१३००।-	
श)	कुटानी पिसानी ठूलो	१३००।-	
ष)	हल्का पेय पदार्थ (जूस)	७८०।-	
स)	सिमेन्टका पोल तथा पाइप	१३००।-	
ह)	खैनी	१३००।-	
क्ष)	चुरोट, बिडी फ्याक्ट्री	२६००।-	
त्र)	चिप्स, स्वेटर विट र बोर्ड	७८०।-	

सि.नं.	विवरण	दर रु.	कै.
झ)	माथि उल्लेखित उद्योग बाहेक अन्य किसिमका उद्योग स्थापनाको सिफारिस	७८०-५०००।- सम्म	
४३.	**निजी विद्यालय दर्ता सिफारिस**		
क)	पूर्व प्राथमिक	१०००।-	
ख)	आधारभूत १ देखि ५ सम्म	१५००।-	
ग)	आधारभूत ६ देखि ८ सम्म	२०००।-	
घ)	मा.वि. ९ देखि १० सम्म	२५००।-	
ङ)	मा.वि. ११ देखि १२ सम्म	३५००।-	
च)	क्याम्पस	५०००।-	
छ	प्राविधिक शिक्षण संस्था	५०००।-	
४४.	पसल कोठा आगलागी (बिमा भएको)	५००।-	
४५.	कुखुरा, बंगुर, पालन व्यवसाय	१२००।-	
४६.	**रजिस्ट्रेसन प्रयोजनको लागि घर तथा बाटो प्रमाणित गरी कार्यालयलाई गरिने सिफारिस**		
क)	एक कट्ठा सम्मको	३५०।-	
ख)	पाँच कट्ठा सम्मको	८००।-	
ग)	दस कट्ठा सम्मको	१२००।-	
घ)	एक बिघा सम्मको	१५००।-	
ङ)	एक बिघा भन्दा माथि	२०००।-	
४७.	निर्माण सामाग्री डिलरसीप सिफारिस	६००।-	
४८.	डिलरसीप प्रति डिलर	१०००।-	

१.७ विविध दस्तुर

सि.नं.	विवरण	दर रु	कैफियत
१.	नाता प्रमाणित दस्तुर	३००।-	
२.	अमिन दस्तुर	१०००।-	

सि.नं.	विवरण	दर रु	कैफियत
३.	इन्जिनियर दस्तुर	१०००।-	
४.	सव-इन्जिनियर दस्तुर	१०००।-	
५.	सूची दर्ता	५००।-	
६.	ट्रिपर भाडा (प्रति दिन)	४५००।-	इन्धन बाहेक
७.	ब्याक हो लोडर (प्रति घण्टा)	१८००।-	इन्धन सहित
८.	रोलर (प्रति दिन)	८०००।-	इन्धन बाहेक
९.	रोलर (१ दिन भन्दा माथि ७ दिन सम्म प्रति दिन)	७०००।-	इन्धन बाहेक
१०.	रोलर (७ दिन भन्दा माथि १५ दिन सम्म प्रति दिन)	६५००	इन्धन बाहेक
११.	रोलर (१५ दिन भन्दा माथि प्रति दिन)	५०००	इन्धन बाहेक
१२.	ट्याक्टर (प्रति दिन)	१५००।-	इन्धन बाहेक
१३.	ट्याङ्कर (प्रति दिन)	१५००।-	
१४.	इन्जिन सहित ट्याङ्कर (प्रति दिन)	३०००।-	इन्धन बाहेक
१५.	परिचयपत्रको विलम्ब दस्तुर	२००।-	
१६.	परिचयपत्रको प्रतिलिपि दस्तुर	५००।-	
१७.	व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर	५००।-	
१८.	व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर	२००।-	
१९.	परिचय नम्बर वा वैयक्तिक विवरणको प्रमाणीकरण	५।-	

सि.नं.	विवरण	दर रु	कैफियत
२०.	जैविक विवरण वा परिचयपत्रको प्रमाणीकरणको सेवा बापत प्रति व्यक्तिको प्रति पटकको दस्तुर	१०।-	
२१.	परिचय नम्बर वैयक्तिक विवरण, जैविक विवरण वा परिचयपत्रको प्रमाणीकरण भई सम्बन्धित व्यक्तिको अन्य वैयक्तिक विवरण प्रदान गरे बापत प्रति व्यक्ति प्रति पटक	२०।-	
२२.	ठेला गाडीको ब्लु बुक	२५०।-	
२३.	ई रिक्साको ब्लु बुक	२५०।-	
२४.	टेम्पोको ब्लु बुक	२५०।-	
२५.	सवारी कर प्रमाण पत्र दस्तुर	३५०।-	
२६.	घर नक्सा पास किताब	५००।-	
२७.	अन्य निवेदन फारम प्रति पाना	१५।-	
२८.	मुद्दा मिलापत्र दस्तुर (कानुन बमोजिम दायर हुन आउने मुद्दामा लाग्ने दस्तुर र मिलापत्र बापत लिइने दस्तुर कानुन बमोजिम नै हुनेछ।)	१०००	
२९.	**नक्कल दस्तुर**		
क)	नक्सा पास सम्बन्धित प्रतिलिपिको नक्कल प्रति पाना	१००।-	
ख)	घरको नक्साको प्रतिलिपि प्रति पाना	१५०।-	
ग)	व्यावसायिक प्रमाण पत्र प्रतिलिपि	२५०।-	
घ)	अन्य प्रमाण पत्रको	२५।-	
ङ)	प्रमाण पत्र बाहेक अन्य कागजातको प्रति पाना	५।-	
च)	एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि	२५।-	
३०.	**धरौटी जफत (मर्मत सम्भार कोष कन्टेनजेन्सी)**		

सि.नं.	विवरण	दर रु	कैफियत
क)	नगरपालिकाबाट सञ्चालित रु. ५० हजार वा सो भन्दा माथिका योजनाहरूबाट मर्मत सम्भार कोषमा जम्मा हुने गरी नगरपालिका अनुदानको १.५ प्रतिशतले कट्टा गरी प्राप्त हुने रकम।		
३१.	पिकनिक स्पोर्टको सरसफाई शुल्क प्रति टोली	५००।-	
३२.	फोहोर मैला व्यवस्थापन बजार क्षेत्र (वार्षिक)	६००।-	
३३.	फोहोर मैला व्यवस्थापन ग्रामीण क्षेत्र (वार्षिक)	३००।-	
३४.	खनिज पदार्थ उत्खनन स्थानीय सरकारको एकल अधिकार अन्तर्गत बालुवा (प्रति धन मिटर)	७५।-	
३५.	खनिज पदार्थ उत्खनन स्थानीय सरकारको एकल अधिकार अन्तर्गत ढुङ्गा, गिट्टी (प्रति धन मिटर)	१००।-	
३६.	मेलमिलाप शुल्क	न्यूनतम रु ५०० देखी बढीमा रु २००० सम्म।	
३७.	रोहबर सेवा शुल्क	३००।-	
३८.	**घरधुरी**		
क)	फुसको छानो भएको वार्षिक	५०।-	
ख)	टिन र टायलको छानो भएको वार्षिक	१००।-	
ग)	पक्की घर १ तले वार्षिक	२००।-	
घ)	पक्की घर २ तले	४००।-	

सि.नं.	विवरण	दर रु	कैफियत
ङ)	पक्की घर ३ तले वा सो भन्दा माथि	९००।-	
३९.	**कपाली तमसुक प्रमाणीकरण दस्तुर**		
क)	रु १ लाख सम्म	२५०।-	
ख)	रु ५ लाख सम्म	३५०।-	
ग)	रु १० लाख सम्म	५००।-	
घ)	रु २० लाख सम्म	१०००।-	
ङ)	रु २० लाख भन्दा माथि	२०००।-	
४०.	**संघ संस्था, समूह दर्ता तथा नवीकरण शुल्क**		
क)	स्थानीय संघ संस्था दर्ता	२०००।-	
ख)	स्थानीय संघ संस्था नवीकरण	१०००।-	
ग)	सहकारी संस्था दर्ता	४०००।-	
घ)	सहकारी संस्था नवीकरण	२०००।-	
ङ)	कृषि समूह दर्ता	५००।-	
च)	कृषि समूह नवीकरण	२००।-	
४१.	**प्राकृतिक श्रोत साधन दोहन चोरी निकासी जरिबाना**		
क)	व्यक्तिको हकमा	१०००।-	
ख)	प्रति ट्याक्टर	५०००।-	

नोटः- माथि उल्लेखित करका दर तथा शुल्कहरू प्रचलित कानुनसँग बाझिएको हद सम्म अमान्य हुनेछ।